# गुलरिया नगरपालिका बर्दियाको १६औँ नगरसभामा

## नगर उप-प्रमुख श्रीमती सावित्रा गौतमज्यूले

## प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३।०८४ को

# बजेट वक्तव्य

**गुलरिया नगरपालिका**
**गुलरिया, बर्दिया**
**लुम्बिनी प्रदेश,  नेपाल**

**२०८३ असार १० बुधबार**

**गुलरिया नगरपालिकाको सोह्रौ नगर सभाका आदरणीय सभाअध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू , सभाका सम्पुर्ण सदस्य ज्यूहरु, सम्पुर्ण कर्मचारी ज्यूहरु, पत्रकार ज्यूहरु तथा उपस्थित सम्पुर्ण मानुभावहरु,**

१. आज म यस नगरसभामा नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम नगर उप प्रमुखको हैसियतले आगामी आ.व २०८३।०८४ को आय व्याय विवरण (वजेट) प्रस्तुत गर्न उपस्थित भएकी छु ।

२. सर्वप्रथम यस गौरवान्वित अवसरमा म राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागी नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र वलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण गर्न चाहान्छु । साथै उक्त कार्यमा जीवन आहुति दिनु हुने ज्ञात अज्ञात शहीदहरुप्रति श्रद्धासुमन अर्पण गर्दै सम्पुर्ण सहिदका परिवार, बेपत्ता नागरिक तथा घाईते योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजना, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकार तथा लुम्विनी प्रदेश सरकारका नीति तथा कार्यक्रम र वजेट, गुलरिया नगरपालिकाको नीति तथा कार्यक्रम, नगरसभाका सदस्यहरुवाट प्राप्त सुझावलाई मार्ग निर्देशनको रुपमा लिनुका साथै गुलरियावासी नागरिक, राजनीतिक दल, नागरिक समाज, नीजि क्षेत्र लगायत सरोकारवालाबाट प्राप्त सुझावलाई आधार वनाएको छु ।

**आदरणीय सभाअध्यक्ष ज्यू,**

**<u>अव म चालु आ.व २०८२।०८३ को वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थावारे जानकारी गराउन चाहान्छु ।</u>**

४. चालु आर्थिक वर्ष २०८२।८३ मा चालु तथा पुंजीगत खर्च गरी कुल १ अरव ७ करोड बजेट विनियोजन भएको थियो । त्यसैगरी आन्तरिक राजस्व तर्फ रु ३ करोड ६२ लाख प्रक्षेपण गरिएकोमा चालु आ.व को जेष्ठ मसान्त सम्म रु ३ करोड २३ लाख अर्थात लक्ष्यको ८९ प्रतिशत संकलन भएको छ ।

५. यद्यपि संघ तथा प्रदेश सरकारवाट प्राप्त हुने राजस्व बाँडफाँडको रकम करिव ८७ प्रतिशत र समानीकरण अनुदान रकम ९२ प्रतिशत मात्र प्राप्त भएको अवस्था छ । यसवाट चालु आर्थिक वर्षमा काम सम्पन्न भएका योजनाहरुको भुक्तनी दिन नसकि आगामी आ.व को लागी दायित्व थपिने सम्भवाना रहेको तपाईहरु सामु जानकारी गराउन चाहान्छु ।

६. चालु आ.वमा जेन जेड आन्दोलन, राष्ट्रिय निर्वाचन जस्ता कारण पुंजीगत वजेट खर्च प्रगति सन्तोषजनक देखिदैन । आषाढ ९ गते सम्म कुल विनियोजित वजेटको ६३ % मात्र खर्च भएको छ । सोही अवधिमा गत आ.व मा ७७ % खर्च भएको थियो ।

७. चालु आ.व मा वडा नं. १० को वडा कार्यालय निर्माण कार्य सुरु गरिएको छ । यो निर्माण सँगै वडा नं. १, २, ३, ४, ६, ७, ८, ९, १०, ११, र १२ गरी ११ वटा वडा कार्यालयहरु आफ्नै भवनवाट सञ्चालनमा आउने छन ।

८. पुर्वाधार विकास तर्फ यस वर्षको वजेटको पुर्ण कार्यान्वनसँगै नगरतर्फ करिव २३ किमि ग्राभेल रोड निर्माण तथा मर्मत र करिव ३ किमि कालोपत्रे सडक निर्माण सम्पन्न भएको हुनेछ ।

९. स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरि लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी रोजगारी सृजना मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन नेपाल सरकारको एक पालिका एक औद्योगिक ग्राम कार्यक्रम अन्तर्गत गुलरिया नगरपालिका वडा नं. ८ कुडियापरी १२ विगाहा क्षेत्रमा औद्योगिक ग्रामको आधारभुत पुर्वाधार अन्तर्गत चारैतिर पर्खाल निर्माण कार्य सम्पन्न भई चालु आ.वमा प्रशासनिक भवन निर्माणको कार्य समेत अन्तिम चरणमा रहेकोछ ।

१०. गुलरिया नगरपालिका, कारीतास नेपाल र लाभग्राही नागरिकको त्रिपक्षीय साझेदारीमा वडा नं. ८ स्थित कुडियापारी क्षेत्रमा २७ थान भुकम्प तथा वाढी प्रभावित घर निर्माण गरी हस्तान्तरण गरिएकोछ ।

११. "गुलरिया नगरपालिका शिक्षक तथा कर्मचारी बैंक व्यवस्थापन कार्यविधि, २०८२" मार्फत सामुदायिक विद्यालयका लागि शिक्षक तथा कर्मचारी वैंक स्थापना गरिएकोछ । जसवाट चालु आ.वमा मात्र २७ जना शैक्षिक जनशक्ति परिपूर्ति भई विद्यालय पठनपाठनमा सघाउ पुगेकोछ ।

१२. सहकारी संस्थाहरुको नियमित अनुगमन तथा पदाधिकारी, व्यवस्थापक, कर्मचारीहरुलाई क्षमता विकास तालिम, कोपोमिस तालिम चालु आ.व मा पनि प्रदान गरिएको छ ।

**आदरणीय सभाअध्यक्ष ज्यू**

**<u>अव म आर्थिक वर्ष २०८२।८३ को वजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।</u>**

१३. आर्थिक वर्ष २०८३।८४ को वजेटका प्राथमिकताका क्षेत्रहरु देहाय वमोजिम निर्धारण गरिएका छन् :

क) कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि,
ख) गुणस्तरीय स्वास्थ्य सेवा,
ग) गुणस्तरीय शिक्षा,
घ) वहुउपयोगी, नगरिकमैत्री पुर्वाधारको विकास,
ङ) विकास निर्माणमा जनसहभागिता तथा स्वामित्व अभिवृद्धि,
च) स्थानीय रोजगारी सृजना आदि

**आदरणीय सभाअध्यक्ष ज्यू,**

**<u>अव म आर्थिक वर्ष २०८३।८४ को व्याय अनुमान पेश गर्ने अनुमति चाहान्छु ।</u>**

१४. आगामी आर्थिक वर्षको लागी समपुरक अनुदान तर्फ संघीय सरकारवाट चालु आ.व मै ठेक्का आव्हान भई कार्यान्वयनमा रहेको वडा नं. ३ को वडा कार्यालयदेखी तेजिपुर गाउ, सञ्जय यादवको मिल हुँदै वनकट गाउँ जाने सडक कालोपत्रे निर्माण कार्यका लागी करिव रु ६५ लाख र वहुवर्षिय योजनाका रुपमा करिव ७ करोड लागतमा ३ वर्षमा सम्पन्न हुने गरी गुलरिया नगरपालिका वाईपास सडक कालोपत्रे निर्माणका लागी चालु आ.वमा करिव रु ७१ लाख वरावरको रकम प्रतिवद्धता प्राप्त भएको छ । साथै उक्त रकमको ६० प्रतिशत रकम नगरपालिकावाट साझेदारी गरिनेछ ।

१५. समपुरक अनुदान तर्फ नै लुम्विनी प्रदेश सरकारवाट वडा नं. २ गुजराना गाउँवाट जयनपुर आउने सडक कालोपत्रे निर्माणको लागि रु १ करोड २० लाख वरावरको रकम प्रतिवद्धता प्राप्त भएको छ । उक्त रकममा ५० प्रतिशत रकम थप गरी चालु आ.व नै ठेक्का आव्हान गरिनेछ ।

१६. विशेष अनुदान तर्फ संघीय सरकारवाट वडा नं. ५ प्रयागपुर थारु संग्रहालय नजिक बबई नदी साईडमा फोहोरमैला व्यवस्थापन केन्द्रसम्म ड्याम निर्माण कार्यका लागी रु ९९ लाख तथा प्रदेश सरकारवाट खाद्यान्न उत्पादन अभिवृद्धिको लागी कृषि औजार तथा सिंचाई योजना अन्तर्गत रु २१ लाख वरावरको रकम प्रतिवद्धता प्राप्त भएको छ ।

१७. आगामी आ.व मा सशर्त अनुदान तर्फ संघीय सरकारवाट करिव रु ३७ करोड र प्रदेश सरकारवाट करिव रु १ करोड ६८ लाख रकम वरावरको योजना तथा कार्यक्रम प्राप्त भएको छ । संविधानको सहकारीतामुलक संघियताको मर्म तथा स्थानीय सरकार सञ्चालन ऐनको कानुनी व्यवस्थालाई मनन् गरी उक्त कार्यक्रमहरु कार्यान्वयनमा लगिनेछ ।

## विषयगत शाखा

### शिक्षा :

१८. वालवालिकाको निशुल्क तथा अनिवार्य शिक्षा प्राप्तिको हकलाई वास्तवमै व्यवहारमा उतार्न कक्षा १ देखी १२ सम्म विद्यालयले कुनैपनि नाममा शुल्क लिन नपाउने व्यवस्था कार्यान्वयनलाई अझ प्रभावकारी वनाईनेछ । जसका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१९. विद्यालयको शैक्षिक वातावरणलाई अझ गुणस्तरीय वनाउन प्र.अ प्रोत्साहन कार्यक्रम, उत्कृष्ठ शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम, नतिजा सुधारका कार्यक्रम, मन्टेश्वरी तालिम, तीन तारा घोषणा जस्ता कार्यक्रममा जोड दिदै प्रविधिमा आधारित अनुगमन मूल्यांकन प्रणाली स्थापना गरिनेछ ।

## स्वास्थ्य :

२०. नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रवाट प्रदान गरिने सेवाको गुणस्तर मापन गरिनेछ । सवै स्वास्थ्य संस्थावाट आधारभूत तहको प्रयोगशाला सेवा सुचारु गर्न पुर्वाधार निर्माणमा लगानी गरिनेछ । समग्र स्वास्थ्य क्षेत्र व्यवस्थापनको लागी रु १ करोड ८७ लाख वजेट विनियोजन गरेकी छु ।

## कृषि तथा पशुपंक्षी

२१. कृषि तथा पशु प्राविधिकहरु किसानले खोजेको बखत उपलव्ध हुने व्यवस्था थप प्रभावकारी वनाउन कृषि तथा पशु सेवा केन्द्र वडास्तरमा विस्तार गरिनेछ । कृषि अनुदानलाई उत्पादनमा आधारित, लागत सहभागितामा आधारित वनाउन आवश्यक कार्यविधि निर्माण गरी अगाडी वढाईनेछ । कृषि तथा पशुपंक्षी क्षेत्रको विकासका लागी सशर्त अनुदान तथा नगरपालिकावाट समेत गरी रु १ करोड ४० लाख वजेट विनियोजन गरेकी छु ।

## महिला बालवालिका

२२. महिला तथा बालवालिकाको क्षेत्रमा विविध कार्यक्रमहरु कार्यान्वयन गर्न तथा महिला सेवा केन्द्र सञ्चालन गर्न रु २८ लाख वजेट विनियोजन गरेकी छु ।

**सहकारी**

२३. सहकारी सदस्यहरुलाई सहकारीका सिद्धान्त अनुसार मात्र आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न क्षमता विकास तालिमहरु उपलब्ध गराई नगरपालिकावाट पर्याप्त अनुगमनको व्यवस्था मिलाईनेछ। साथै कोपोमिस प्रणाली सञ्चालनलाई अनिवार्य गर्न नगरपालिकावाट प्रदान गरिने अनुदान, तालिम, मल वितरण जस्ता कार्यक्रम सँग आवद्धता कायम गरिनेछ।

**वडा तथा नगर**

२४. आम गुलरियावासीका दैनन्दिनका समस्या समाधान, आवश्यकता परिपुर्ति, इच्छा चाहानाहरुको सम्वोधन गरी संविधानले परिकल्पना गरेको भुईतहका जनताको वास्तविक शासन सुनिश्चित गर्न प्रति वडा ६० लाखका दरले कुल ७ करोड २० लाख वजेट विनियोजन गरेकी छु।

२५. जिल्ला समन्वय समितिमा रहेको मौज्दात कोष र नगरपालिकाको सहलगानीमा आगामी आ.व मा नै वडा नं. ५ र १० को वडा कार्यलय भवन निर्माण सम्पन्न गरिनेछ। यसका लागी आवश्यक रकम विनियोजन गरेकी छु।

२६. "सडक पुर्वाधार, विकासको आधार" भन्ने मुल नाराका साथ स्थानीय सरकारको गठनदेखी नै सडक निर्माण कार्यलाई अगाडी वढाएकोमा उक्त नाराको औचित्व अझैपनि समाप्त भई नसकेकोले आगामी आ.व मा पनि नयाँ सडकको ट्रयाक खोल्ने, सडक ग्राभेल, सडक कालोपत्रे तथा पक्की नाली निर्माण गर्ने कार्यलाई निरन्तरता दिएकीछु। हुलाकी सडकवाट सुर्यगौडी हुँदै टडुवा गाउँ जाने सडक कालोपत्रे निर्माणका लागि रु १ करोड ५० लाख विनियोजन गरेकीछु।

२७. न्यायिक समितिमा भुई तहका नागरिकको पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाद्धारा तालिम प्राप्त मेलमिलापकर्तालाई सुचीकृत गरी प्रत्येक वडा कार्यालयलाई मेलमिलाप केन्द्रका रुपमा समेत स्थापित गरिनेछ। न्यायिक समिति सञ्चालन गर्न रु ३० लाख वजेट विनियोजन गरेकीछु।

**शासकीय सुधार तथा सुशासन**

२८. प्रदेश सुशासन केन्द्रसँगको समन्वय तथा साझेदारीमा गुलरिया नगरपालिकाको नयाँ आवधिक योजना निर्माण, भिलेज प्रोफाईल अपडेट कार्यलाई अगाडी वढाईनेछ।

२९. सुरक्षित नागरिक आवास, जनता आवास जस्ता कार्यक्रमवाट निर्माण गरिने आवासमा वास्तविक गरिव, दलित, विपन्न, असहाय नागरिकको पहुँच स्थापना गर्न गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि संकलित तथ्यांकलाई मुख्य आधारको रुपमा लिइनेछ।

३०. नेपाल सरकारवाट स्वीकृत सुत्र प्रणालीको पूर्ण कार्यान्वयन गरी आन्तरिक राजस्व प्रणालीलाई पारदर्शी र प्रभावकारी वनाईनेछ।

३१. गुलरिया नगरपालिकामा कार्यरत जनशक्तिको पेशागत ज्ञान, सीप तथा क्षमता विकासका तालिम कार्यक्रम सञ्चालन गरिनेछ। संघीय सरकारवाट स्वीकृत सुविधाका अतिरिक्त प्रोत्साहनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३२. लामो समयदेखी करार, ज्यालादारी तथा स्वयंम सेवक शिक्षकमा कार्यरत जनशक्तिलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरि कोषले प्रदान गर्ने औषधी उपचार सुविधा, दुर्घटना असक्तता वृत्ति,

आश्रित परिवार सुरक्षा योजना, आजिवन मासिक निवृत्तिभरण जस्ता सुविधावाट लाभ पाउने अवस्था सृजना गरिनेछ । यसका लागी आवश्यक रकम विनियोजन गरेकी छु ।

**आदरणीय सभाअध्यक्ष ज्यू,**

३३. बजेटमा उल्लेखित उद्देश्य पुरा गर्न तोकिएका प्राथमिकता र सिद्धान्तमा आधारित रही आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु १ अरव ६ करोड वजेट विनियोजन गरेकी छु ।

३४. आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमका लागी खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ३ करोड ३६ लाख, राजस्व वाँडफाँडवाट रु १७ करोड ६० लाख, वित्तिय समानीकरण अनुदानवाट रु १८ करोड ५८ लाख, सशर्त अनुदानवाट रु ३८ करोड , समपुरक अनुदानवाट रु २ करोड ५५ लाख, विशेष अनुदानवाट रु १ करोड २० लाख, वचत रकम करिव २ करोड, सडक वोर्ड अनुदानवाट ६० लाख, कोष तथा लेखा नियन्त्रक कार्यालयवाट खर्च हुने सामाजिक सुरक्षा भत्ता २३ करोड अनुमान गरेकी छु ।

३५. माथि अनुमान गरिएको आन्तरिक राजस्व प्राप्तिको लागि करका दरहरु यथावत राखी दायरा विस्तार गर्ने राजस्व नीति अवलम्वन गरिनेछ । जसका लागी करदाता शिक्षा कार्यक्रम, सुचना प्रविधिमैत्री कर प्रशासनमा जोड दिईनेछ ।

३६. गुलरिया नगरपालिकाद्धारा निर्माणाधीन औद्योगिक ग्राममा स्थापना हुन आउने साना तथा मझौला उद्योग व्यावसायहरुलाई निश्चित समय सम्मको लागी कर छुट दिईने नीति अवलम्वन गरिनेछ ।

३७. प्रस्तुत वजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, कार्यालयका शाखा प्रमुखहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट तर्जुमा कार्यमा उपयोगी सल्लाह सुझाव र सहयोग गर्नुहुने आम मतदाता, राजनीतिक दल, निजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, राष्ट्रसेवक लगायत सम्पुर्ण गुलरियावासी आमा वुवा, दाजुभाई, दिदिवहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**